# नेप्से कर्मचारी संघ

## NEPSE Employee Union (NEPSE-EU)

पत्र संख्या : ०८२/८३
चलानी नं. :

# प्रेश विज्ञप्ति

**नेप्से कर्मचारी संघका पदाधिकारीहरु**

अध्यक्ष : नबराज थापा (मो.नं.9860083240)

सचिव : पुजन ज्ञवाली (मो.नं.9851202915)

कोषाध्यक्ष : संगीता कुँवर (मो.नं.9841661305)

सदस्य : मना भुसाल (मो.नं.9849512590)

सदस्य:नितु कुमारी यादव (मो.नं.9860848227)

सदस्य : रिता के.सी. (मो.नं. 9849788394

राजनीतिक दलको कार्यकर्ता, राजनीतिक प्रभाव र भागवण्डाका आधारमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको सञ्चालक समितिको अध्यक्षमा हेमन्त बस्याल र प्रमुख कार्यकारी अधिकृतमा चुडामणी चापागाई नियुक्त भएको अवस्था छ । अध्यक्ष हेमन्त बस्यालको कन्सल्टेन्सी र नेप्सेबीच पुरानो भुक्तानीसम्बन्धी विवाद रहेकै अवस्थामा उनी नेप्सेको अध्यक्षमा नियुक्त हुनु स्वार्थ बाझिने विषय हो । पुरानो हिसाब मिलाउने गलत उद्देश्यका साथ उनी नेप्सेमा प्रवेश गरेको देखिन्छ । केही वर्षअघि तत्कालीन मन्त्रीको दबाब प्रयोग गरेर नेप्सेसँग कुनै औपचारिक सम्झौता वा खरिद कानुनअनुरूप प्रक्रिया बिना कुनै देखावटि परियोजनाका लागि “परामर्श सेवा” प्रदान गरेको भन्दै २५ लाख रुपैयाँ भुक्तानी माग्दा नेप्सेले अस्वीकार गरेको थियो । सोही विवाद जारी रहँदा भुक्तानी नपाएपछि उनले समाजिक सञ्जाल तथा इमेलमार्फत नेप्सेको तत्कालीन व्यवस्थापनमाथि अनर्गल आरोप लगाउँदै धितोपत्र बजारप्रति अविश्वास फैलाउने र संस्थाको छवि धुमिल पार्ने काम गरे ।

Conflict of Interest को कुरा गर्ने स्वयम् बस्यालले तत्काल राजीनामा दिनुपर्छ । साथै उनलाई नियुक्त गर्ने प्रक्रियामा संलग्न सबैलाई छानबिनको दायरामा ल्याउन आवश्यक छ ।
नेप्सेलाई भित्रैबाट कमजोर बनाई बजारमा सक्रिय स्वार्थी समूहलाई मार्ग प्रशस्त गर्नु उनको अर्को उद्देश्य हो । सो उद्देश्य अनुरूप उनले कर्मचारीबीच फुट ल्याउने, कसैलाई अपमान गर्ने, कसैलाई उक्साउने, धम्क्याउने, र महँगा तालिमको प्रलोभन दिने जस्ता कार्य गर्दै कार्य वातावरण बिगार्न थालिसकेका छन ।

त्यस्तै, २०८० साल मंसिरमा नेप्से सञ्चालक समितिले अर्थ मन्त्रालयमा पेश गरेको पुनर्संरचना प्रस्तावलाई असफल बनाउन पनि उनी सक्रिय देखिएका छन । विभिन्न सञ्चार माध्यममा ‘नेप्सेको स्वामित्वमा पुनर्संरचना हुनु हुदैन’ भन्ने अभिव्यक्ति दिँदै, सुधारको नाममा सतही परिवर्तन मात्र गर्ने तर मूल समस्यालाई जस्ताको तस्तै राख्ने रणनीति अपनाइएको देखिन्छ । यसले सर्वसाधारणमा ‘नेप्सेले केही गर्न सक्दैन’ भन्ने सन्देश जाने र स्वार्थी व्यापारी समूहलाई फाइदा पुग्ने स्पष्ट संकेत गर्दछ ।

यसबाहेक, ठूला खरिद प्रक्रियामा अनावश्यक हस्तक्षेप गर्ने, सोबाट प्राप्त कमिसन तत्कालीन अर्थमन्त्री विष्णु पौडेललाई चढाउने स्वार्थसहित बस्याल नेप्सेमा प्रवेश गरेको आशंका बलियो छ । नयाँ प्रणाली भित्राउन नसक्ने,

**नेप्से कर्मचारी संघ** (NEPSE - EU)
email : nepseunion78@gmail.com
**नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)**
**युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल (UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)**

# नेप्से कर्मचारी संघ

## NEPSE Employee Union (NEPSE-EU)

विद्यमान प्रणालीलाई स्तरोन्नति गर्न पनि असमर्थ बनाउने गरी नेप्सेलाई जटिलतामा पार्ने खेल उनले सुरु गरिसकेका छन ।

छ महिनाअघि नियुक्त प्रमुख कार्यकारी अधिकृत चुडामणी चापागाई एक्लैले गर्न नसकेको कामलाई समर्थन गर्न बस्याल 'अतिरिक्त शक्ति'का रूपमा नेप्सेमा आएको देखिन्छ । अझ NRN Infrastructure and Development Limited का प्रमुख कार्यकारी अधिकृतका रूपमा मासिक ५ लाख रुपैयाँ तलब र अन्य सुविधा छोडेर नेप्सेमा प्रति बैठक २५०० रुपैयाँ भत्ता बुझ्ने गरी आउनुले नै उनको नियतप्रति ठूलो प्रश्न खडा गरेको छ ।

यसरी आर्थिक चलखेल गर्ने, कर्मचारी फुटाउने, प्रविधि बिगारेर सर्वसाधारणमा आक्रोश बढाउने नियतले प्रवेश गरेका हेमन्त बस्याललाई नेप्सेका कर्मचारीहरूले अध्यक्षका रूपमा स्वीकार गर्न सक्दैनन् । उनी नेप्सेसँग स्पष्ट रूपमा स्वार्थ बाझिएको पात्र भएकाले हाम्रो लागि अस्वीकार्य छन ।

त्यसैगरी प्रमुख कार्यकारी अधिकृत चापागाँइको कार्यकाल ६ महीना बितिसक्दा पनि नेप्सेको पुर्नसंरचना, अन्तर्राष्ट्रिय प्रविधि ल्याउने तथा लगानीकर्ताको विश्वास अभिवृद्धी गर्ने तर्फ भन्दा पनि विचौलियाको अनुचित दवाव, प्रभाव र निर्देशनमा काम गर्दै आएको देखिन्छ । संस्थाको स्पष्ट कार्ययोजना तयार गर्न असक्षम र असमर्थ भई कमजोर निर्णय क्षमताको कारण उनीबाट आगामी दिनहरुमा संस्था सुधार गर्ने तर्फ कुनै पहल कदमीको सम्भावना समेत शून्य प्राय देखिएले तत्काल राजिनाका लागि जोडदार माग गदै निम्नानुसारका चरणबद्ध सङ्घर्ष कार्यक्रमहरु घोषणा गर्दछौं ।

**चरणबद्ध सङ्घर्ष कायक्रमहरु**

| क्र.सं. | मिति देखि सुरु | मिति सम्म | संघर्षका कार्यक्रमहरु |
|---|---|---|---|
| १ | २०८२/०६/०८ | निरन्तर...... | सम्पुर्ण कर्मचारीहरुले हातमा कालो पट्टी बाँध्ने । धर्नामा बस्ने । प्रमुख कार्यकारी अधिकृतको कार्यकक्षमा तालाबन्दी गर्ने । नेप्से सञ्चालक समितिका अध्यक्ष र CEO को राजिनामा माग गर्ने । |

सचिव : पुजन ज्ञवाल

................................

अध्यक्ष : नबराज थापा

.........................................

मिति : २०८२/०६/०८

**नेप्से कर्मचारी संघ** (NEPSE - EU)
email : nepseunion78@gmail.com
**नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)**
**युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल (UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)**

# नेप्से कर्मचारी संघ

NEPSE Employee Union (NEPSE-EU)

नेप्से कर्मचारी संघ (NEPSE - EU)
email : nepseunion78@gmail.com
नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल (**UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)**